# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

## २०७९

लक्ष्मीनियाँ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

धनुषा

मधेश प्रदेश, नेपाल

CamScanner

# विषयसूचि

विषय | पेज


१ पृष्ठभूमी........3
२ नाम र प्रारम्भ :........3
३ परिभाषा :........3
४ बिगतका प्रयास........5
५ वर्तमान स्थिति (लक्ष्मीनिया गापा) :........6
५.१ गापामा सबल पक्ष/ अवसरहरु र समस्या तथा चुनौतीहरु........7
५.२ समस्या र चुनौती (लक्षित वर्ग):........8
६ स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीतिको आवश्यकता :........9
७ दीर्घकालिन सोच, ध्येय, लक्ष्य र उद्देश्य........10
८ नीति, रणनीति र कार्यनीति तालिका :........11
९ सम्भाव्य जोखिम र निराकरण........15
१० लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीतिको कार्यान्वयन........15
१०.१ गाउँपालिका स्तरीय संरचना/समिति........15
१०.२ गाउँ स्तरीय समितिको काम, कर्तव्य र अधिकार........15
१०.३ गाउँपालिकाको लैसमास कार्यान्वयन तथा अनुगमन समितिको बैठक र निर्णय :........16
१०.४ वडास्तरीय लैसमास समिति :........16
१०.५ वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार :........16
११ अनुगमन तथा मूल्याङ्कन व्यवस्था........17
१२ रणनीति पुनरावलोकन तथा सुधार........17

# लक्ष्मीनियाँ गाउँ पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७

## १. पृष्ठभूमी

संविधानमा भएको व्यवस्था अनुसार समानुपातिक समावेशी सिद्धान्तलाई गाउँपालिका स्तरका सबै संरचनामा कार्यान्वयन गर्न महिला, दलित, मधेसी, मुश्लिम, पिछडावर्ग, आदिवासी, किसान, मजदुर, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गताभएका, धार्मिक अल्पसंख्यक, तेस्रो लिङ्गि तथा बञ्चितिकरणमा परेका सबैलाई सामाजिक, आर्थिक तथा शासकीय प्रणालीमा समान सहभागिता गराउन आवश्यक छ ।

लक्ष्मीनियाँ गाउँपालिका क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सबाललाई नीतिगत र कानुनी रुपमा सम्बोधन गर्नका लागि गाउँपालिकाले दिने सार्वजनिक सेवा प्रवाहदेखि विकास निर्माणका लागि बनाइने योजना र त्यसलाई कार्यान्वयन गर्नका लागि बनाईने संरचना तथा प्रक्रियामा लक्षितवर्गको अर्थपूर्ण सहभागिता गराएर मूलप्रवाहीकरण गर्न सकियो भनेमात्र सही अर्थमा गणतन्त्रले सबै नागरिकलाई समान अवसर सृजना गरिदिएको छ भनी गर्वका साथ भन्न सकिन्छ ।

लक्ष्मीनियाँ गाउँपालिका क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति र बर्गबीचमा राजनीतिक, आर्थिक, शैक्षिक र स्वास्थ्यमा रहेको असमानतालाई हटाएर गाउँपालिकाको बहुलतायुक्त सामाजिक स्वरुपलाई अवसरको रुपमा लिई समाजका सबै पक्षलाई सबैखाले अवसरमा क्रियाशिल गराउनु पर्दछ । यसले नागरिक नागरिक बीचमा रहेको जातिय र वर्गिय विभेदको अन्त्य गराइ गरिबी न्यूनिकरण गर्दै शान्ति, विकास र समृद्धिको लक्ष्य प्राप्तीमा सहयोग गर्दछ ।

यस गाउँपालिका क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सबाललाई सार्वजनिक सेवा प्रवाहदेखि विकास निर्माणका लागि बनाइने योजना र त्यसलाई कार्यान्वयन गर्नका लागि बनाईने संरचना तथा प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता गराउनका लागि लैसमास नीति बनाउन आवश्यक ठानेकोले यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७ जारी गरिएको छ । यस नीतिको आधारमा पाँचबर्षे कार्ययोजना बनाई गाउँपालिकाले आफ्नो क्षेत्रमा बसोबास गर्ने महिला तथा लक्षित समुदायको शसक्तिकरण गर्दै बस्तीस्तरदेखि नै लक्षित समुदायको सम्भाव्यताहरुको पहिचान गरी त्यसलाई सदुपयोग गर्ने र उनीहरुको हकहीत र संरक्षणका लागि महत्त्व दिएर योजना निर्माण, कार्यान्वयन गर्ने तथा त्यस्ता काममा उनीहरुको सहभागिता, निर्णय गर्ने अधिकारको सुनिश्चिता गराउने अठोट लिएको छ ।

## २. नाम र प्रारम्भ :

यस नीतिको नाम **"लैङ्गिक समानता तथा सामाजिक समावेशिता नीति २०७७"** रहनेछ र यसको प्रारम्भ लक्ष्मीनियाँ गाउँपालिकाको सभाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ ।

## ३.. परिभाषा :

विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस नीतिमा

(क) "नीति" भन्नाले *लैंगिक समानता तथा समाजिक समावेशिता स्थानीयकरण नीति २०७७* सम्झनु पर्दछ ।

(ख) "स्थानीय तह" भन्नाले लक्ष्मीनियाँ गाँउपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले लक्ष्मीनियाँ गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ ।

लक्ष्मीनियाँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लक्ष्मीनियाँ बजार धनुषा मधेश प्रदेश नेपाल २०७३

शिवो देवी

CamScanner

(ङ) "योजना" भन्नाले समग्र विकास निमार्ण सम्बन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।

(च) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट बञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनयापन गर्नबाट वञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, स्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ ।

(छ) "सामाजिक समावेशी बजेट" भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपाङ्गता भएका व्यक्ति, बालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रकियालाई निजहरु प्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

(ज) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ ।

(झ) "गैरसरकारी संस्था" भन्नाले प्रचलीत कानून बमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसंग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ ।

(ञ) "स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एव अधिकतम उपयोग गर्ने प्रक्रिया हो ।

(ट) "वञ्चित समुह" भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक,लैङ्गिक, अपाङ्गता भएका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता सम्झनु पर्दछ ।

(ठ) "अल्पसंख्यक" भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक बिशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

(ड) "सीमान्तकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट बञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

(ढ) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयासलाई सम्झनु पर्छ ।

(ण) "लैङ्गिक समानता" भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

(त) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्बन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि, समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ ।

(थ) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा श्रोत साधन उपभोग गर्नबाट बञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिबी तथा सामाजिक रुपमा बञ्चितीकरणमा परेका समूहहरुलाई निर्णय प्रक्रियामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन, सेवा तथा आधारभूत अधिकार उपभोग गर्न कुराको सुनिश्चिततालाई सम्झनु पर्छ।

(द) "लक्षित समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुस्लिम तथा पिछडावर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ।

(न) "लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण" भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैंगिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ।

म) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा बञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

(य) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले"लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ।

(र) "सामाजिक बञ्चितीकरणमा परेका समूहहरू" भन्नाले महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउँदछ।

(ल) "लैङ्गिक प्रभाव विश्लेषण" भन्नाले नीति तथा अभ्यासहरुको परिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम् पुरुष कत्तिको लाभान्वीत भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ।

(व) "सशक्तिकरण" भन्नाले विकासका अवसरहरुबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका, परेका अशक्त वा कमजोर वर्गलाई सबल बनाउने कार्यलाई सम्झनु पर्दछ।

(श) "खण्डीकृत तथ्याङ्क" भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समूह, अपाङ्गता भएका एवं एच.आई.भि संक्रमित व्यक्ति तथा अन्य सीमान्तकरण परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ।

## ४. विगतका प्रयास

नेपालमा राजनीतिक आन्दोलनबाट स्थापित प्रजातन्त्रमा विविध जाति, वर्ग र क्षेत्रका मानिसहरुले समान अवसर नपाएको अनुभुति भएपछि जातिय, वर्गिय र क्षेत्रगत विभेद अन्त्य गर्न सामाजिक, राजनीतिक र जातिय आन्दोलनहरु भए। ती आन्दोलनहरुले देशका सबै समुदायको समानुपातिक समावेशी हुनेगरी अधिकार र अवसरहरु वितरण गर्ने प्रणालीको विकास भयो। स्थानीय तहमा उपलब्ध अवसर, श्रोत, साधन, सेवा तथा आधारभूत अधिकार उपभोग पछाडीपारिएका समुदायले समेत गर्न पाउनु पर्दछ भन्ने धारणा प्रमुख रुपमा अगाडी आयो। बर्तमान संविधान, ऐन, कानुनले लक्षित वर्गका रुपमा रहेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडावर्ग, पिछडिएको समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका, बञ्चितिकरणमा परेका, सिमान्तकृत समुदायलाई विकासको मूलप्रवाहमा समाहित गरी दिगोविकासको लक्ष्य प्राप्त गर्न राज्यले विकेन्द्रिकरणको सिद्धान्त अपनाउँदै दशौं पञ्चवर्षिय योजना (वि.सं. २०५९) देखि वि. सं. २०६४)

CamScanner

मा पहिलो पटक लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणालाई अन्तर सम्बन्धित विषयको रुपमा समावेश गरेको थियो । अहिले लोकतन्त्र वा गणतन्त्रमा सबै पक्षलाई समान अवसर दिने औजारको रुपमा लैससास अवधारणा परिचालनमा आएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले देशमा रहेको वर्गीय, जातिय, क्षेत्रीय र लैङ्गिक विभेद हटाउनका लागि संवैधानिक व्यवस्था गरेको थियो । संविधानको मर्म अनुसार वि.स. २०६३-२०६४ देखि लैङ्गिक उत्तरदायी बजेटको सुरुवात भईसामाजिक सामवेशीकरण सम्बन्धी संस्थागत सरचानाहरु गठन हुन थालेको थियो । यसका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति, २०६६ तर्जुमा भई कार्यान्वयन समेत गरिएको थियो । त्यसैगरी स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा तत्कालिन स्थानीय निकायको वार्षिक बजेटको १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत उपेक्षित वर्ग तथा समुदायका लागि विनियोजन गर्नुपर्ने प्रावधान राखिएको थियो ।

गणतन्त्रको प्राप्ति पछि बनेको नेपालको संविधान (२०७२) ले समेत समानुपातिक समावेशीतालाई ग्यारेन्टी गरेपछि लक्षित वर्गको उत्थान, विकास, सशक्तिकरण र सामाजिक सुरक्षाको लागि संस्थागत रुपमा कार्यक्रमहरु संचालन भइरहेका छन् । स्थानीय सरकार संचालन ऐन, २०७४ ले कानुनी रुपमा नै स्थानीय तहलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई सम्बोधन गर्नेगरी विकास योजनाको छनौटदेखि कार्यान्वयनसम्मका चरणमा लक्षित वर्गको अर्थपूर्ण सहभागीता रहनुपर्ने र लक्षितवर्गलाई केन्द्रविन्दुमा राखेर उनीलाई मूलप्रवाहीकरण गर्नेगरी कार्यक्रमहरु गर्नुपर्ने व्यवस्था गरेको छ । पछाडी पारिएको समुदाय, वर्ग र क्षेत्रलाई सम्बोधन गर्नको लागि राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेसी, थारु र मुश्लिमका छुट्टाछुट्टै आयोगको व्यवस्था गरेर लक्षितवर्गलाई मूलप्रवाहीकरणमा ल्याउने प्रायसलाई निरन्तरता दिइएको छ ।

स्थानीय तहका सबै संरचना, सेवा र क्रियाकलापमा लक्षितवर्गको प्रतिनिधित्वलाई अफ प्रभावकारी बनाउनका लागि शुरुवाती अवस्थामा स्थानीय तहको कार्यक्रमलाई लैङ्गिक उत्तरदायी बजेटको विधिबाट विश्लेषण गरि कोडिङ् गर्न थालिएको छ । स्थानीय सरकारको रुपमा रहेका जिल्ला समन्वय समिति, नगरपालिका, गाउँपालिका र वडासम्मको लैससासको समितिको संरचना राख्नुपर्ने व्यवस्था लैससास स्थानीयकरण रणनीति, २०७४ ले समेत गरेकोले प्रत्येक स्थानीय सरकारले आफ्नो शासन प्रणालीमा लैससास लाई मूलप्रवाहिकरण गर्ने लक्ष्य लिएर अधि बढीरहेकोले लक्ष्मीनियाँ गाउँपालिकामा समेत यसका लागि नीति बनाइएको हो ।

## ५. वर्तमान स्थिति (लक्ष्मीनिया गापा) :

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पछिल्लो समय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण स्थानीयकरण रणनीति, २०७५" (मस्यौदा) र लैससास परिक्षण कार्यविधि २०७५ (मसयौदा) तयार गरेको छ । संघीय तहकै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले "स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति" २०६६, शहरी विकास मन्त्रालयले "लैङ्गिक समानता तथा सामाजिक समावेशी मार्गदर्शन, २०७०" महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले "राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ तयार गरिसकेकोले स्थानीय तहले समेत लैससास सम्बन्धी नीति बनाउन आवश्यक भइसकेको छ । लक्ष्मीनिया गापा अन्तर्गतका विद्यालयहरुमा कार्यान्वयनका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यविधि बनाएर लागु गरिएको भएपनि समग्र नगरपालिकाको प्रशासनिक, विषयगत र विकाससम्बन्धी कार्यक्रमहरुमा लैससासको लागि नीति बनेको छैन ।

संविधानमा भएका अधिकारहरु कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम, मजदूर, अपाङ्गता भएका व्यक्ति, पिछडा वर्गका समुदायलाई सहभागी गराउनु पर्ने भएपनि यस लक्ष्मीनिया गापाले सकिरहेको छैन । बञ्चितिकरण परेका समुदायको स्थिति सुधार गर्नका लागि सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा समान

पहुँच पुर्याउन लक्षित वर्गको हक अधिकारको सुनिश्चितता गर्दै सबै क्षेत्रमा अर्थपूर्ण सहभागिता गराउन सकिएमात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन हुन सक्छ ।

प्रदेश २, धनुषा जिल्लामा रहेको लक्ष्मिनिया गापा ६ वडामा विभाजन गरिएको छ । यस गाउँपालिकामा नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेकोले समानताको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, महिलाको हक, दलितको हक र सामाजिक न्यायको हक समेतका मौलिकहकको प्रत्याभुति गरेको छ । यसले सामाजिक न्याय र समावेशीकरण सम्बन्धि नीति समेत अंगिकार गरेको छ । संविधानले गरेको परिकल्पना अनुसार ऐन कानुनहरु बन्ने काम भएको छ ।

लक्ष्मीनियाँ गाउँ पालिकामा रहेको २८ हजार २५१ जनसख्या मध्ये महिला १३ हजार ८३१ जना र पुरुष १४ हजार ४२० जना रहेका छन् । यसरी महिलाको संख्या पुरुषको हाराहारीमा रहेपनि पालिकाको सबै तहमा महिलाको निर्णायक भूमिका कम प्रभावकारी रहेको छ । पालिका क्षेत्रमा रहेका लक्षित वर्गका रुपमा रहेका महिला, दलित, आदिवासी जनजाति, किसान, गरिब, मजदुर, मधेसी, मुस्लिम, पिछडाबर्ग, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, तेस्रो लिङ्गि, सकुम्वासी, खोला किनारामा विपद्को जोखिम मोलेर बसिरहेका समुदायहरुलाई समेत पालिकाको नीति तथा कार्यक्रम बनाउने स्थान देखि विकासका गतिविधिहरुको खाका बनाउने, कार्यान्वयन गर्ने तथा अनुगमन मूल्याङ्कन गर्ने कार्यमा अर्थपूर्ण सहभागिता हुन सकेको पाईदैन ।

गापाको कुल वार्षिक बजेट करिब रु ३८ करोड ५१ लाख, ६३ हजार रहेको छ, जसमा आन्तरिक आय करिब ८ लाख मात्र देखिएको छ । जस मध्ये, स्पष्ट रुपमा महिला तथा लक्षित वर्गको लागि भनेर निश्चित प्रतिशत बजेट विनियोजनको नीति पाइएको छैन । यद्यपी चालु आवमा महिला शसक्तिकरण, सिलाईकटाई, स्यानीटरी प्याड, दहेज तथा कुप्रथा विरोधी, किशोरी आत्मरक्षा तालिम , गरिब पहिचान तथा परिचयपत्र वितरण आदि शिर्षकमा गरी करिब ३० लाख विनियोजन प्रस्ताव गरेको पाईन्छ । यो रकम कुल वार्षिक बजेटको करिब ०.७७ प्रतिशत देखिन्छ ।

## ५.१ गापामा सबल पक्ष/अवसरहरु र समस्या तथा चुनौतीहरु

लैससास प्रभावकारी कार्यान्वयनका लागि गापाको सबल पक्ष तथा अवसरहरु र समस्या चुनौतीहरु देहाय अनुसार रहेको पाईन्छ।

| सबल पक्ष तथा सम्भावना अवसर | कमजोर पक्ष तथा समस्या चुनौती |
|---|---|
| **(क) सबल पक्ष :**<br>- केही नीति कानुनहरु बनेका छन् ।<br>- प्रशासन बाहेक अन्य शाखाहरुमा कर्मचारीको कमी छैन ।<br>- सात वडा मध्ये पाँचवडामा आफ्नै वडा कार्यालय भवन छ ।<br>- लैससासका लागि गैरसरकारी संस्थाले सहयोग गरिरहेको छ ।<br>- जनता आवास कार्यक्रमबाट दलितलाई आवास बनिरहेको छ ।<br>- पालिका स्तरीय समितिहरुमा दलित र महिलाहरु अनिवार्य राख्ने प्रावधान रहेको छ ।<br>- महिलालाई सिलाई कटाई र मैनबत्ति तालिमहरु दिइने गरेको छ ।<br>- अनुगमनमा अनिवार्य रुपमा महिला र दलितलाई सहभागी गराइएको छ ।<br>- पालिका स्तरीय समितिहरुमा अनिवार्य रुपमा लक्षित समुदायका मानिसलाई | - नीति, ऐन, कानुन र निर्देशिका नबनेको र बनेका पनि कार्यान्वयन पक्ष कमजोर रहेको ।<br>- केही बनेपनि सार्वजनिक नगरिएको ।<br>- महिला कर्मचारीहरु समय भन्दा पहिले नै घर जाने गरेको ।<br>- दलित जाति भित्र पनि आर्थिक सूचकको आधार नहुनु ।<br>- पालिकाले समयमा योजनाहरु सम्पन्न गर्न नसकेको ।<br>- पालिकामा लैससास समिति नभएको ।<br>- लैङ्गिक अल्पसंख्यक, दलित, महिला, आदिवासी जनजाती, पिछडा वर्ग लगायत कसैको लागि पनि समितिहरु नभएको ।<br>- दलितमा समितिहरु भएपनि समयमा उपस्थित नहुने चलन ।<br>- समितिमा बस्नेहरु अशिक्षित हुनु ।<br>- विषयवस्तु सम्बन्धी ज्ञान नभएको हुनु ।<br>- महिला कर्मचारीहरुको लागि कार्यालय स्थलमा स्तनपान, गर्भवती महिला कर्मचारीलाई आराम कक्ष महिला र पुरुषको लागि अलग अलग तथा महिला मैत्री शौचालयको व्यवस्था नभएको ।<br>- कार्यालयस्तरमा लागु गर्नका लागि महिला हिंसा सम्बन्धमा आचारसंहिता नबनाइएको ।<br>- लक्षित वर्गको कार्यक्रम तर्जुमामा सहभागिता नदेखिएको ।<br>- तालिम लिए पनि दलितहरुले व्यवहारमा नउतार्ने वा पेशागत |

| सबल पक्ष तथा सम्भावना अवसर | कमजोर पक्ष तथा समस्या चुनौती |
|---|---|
| राखिएको छ ।<br>- क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमहरु हुने गरेको छ । महिलाको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिमहरु दिइने गरेको । तर पर्याप्त नभएको ।<br>- कुरिति कुसंस्कार विरुद्ध बेलाबेलामा र्‍याली निकाल्ने, पर्चा पम्पलेट, होडिङबोर्ड राख्ने चलन छ । तर कम प्रभावकारी र न्युन भएको ।<br>- लक्षित वर्गलाई स्रोत साधनको पहुँचमा ल्याउनु पर्दछ भन्ने आवाज उठी रहेको छ<br>- लघुउद्यम, सीप विकास जस्ता महिला लक्षित कार्यक्रम सञ्चालनमा रहेका ।<br>**(ख) सम्भावना अवसर :**<br>- गैरसरकारी संस्थाहरुसग सहकार्य गरेर नीति, ऐन, निर्देशिकाहरु बनाउन सकिन्छ ।<br>- संख्यात्मक रुपमा कम भएपनि दरबन्दी व्यवस्थापन गराउन सकिन्छ ।<br>- नगरपालिका, प्रदेश संघबाट बजेट व्यवस्था गरेर भौतिक संरचना पुरा गर्न सकिन्छ ।<br>- आचार सहिता बनाइदिने गैरसरकारी संस्था तयार छ ।<br>- लक्षित वर्गलाई छात्रवृत्ति, पाठ्यपुस्तक बाहिरबाट प्राप्त भइरहेको छ । | नबनाउने गर्नाले जति तालिम गरेपनि प्रभावकारी नहुने ।<br>- कार्यक्रमको बजेट केही मात्र लक्षित वर्गका लागि भएको तर कार्यान्वयन प्रभावकारी नभएको ।<br>- कार्यक्रम कार्यान्वयनको अवस्था (सहभागिता, पहुँच, नियन्त्रण ) मा लक्षित वर्गको पहुँच नभएको ।<br>- अनुगमन मूल्यांकन र प्रतिवेदनमा लक्षित वर्गको सहभागिता नभएको ।<br>- दलित समुदायका मानिसहरु अनुगमन मूल्यांकनमा जान मान्दैनन ।<br>- उनीहरुलाई काम सम्बन्धी ज्ञानकै अभाव छ ।<br>- ज्ञान तथा क्षमता अभिवृद्धिका लागि गरेको काम सन्तोष जनक नभएको ।<br>- भत्ता भए मात्र तालिममा बस्ने प्रवृत्ति दलित समुदायमा छ ।<br>- घर परिवारको दबावले समेत तालिममा नबस्ने ।<br>- आन्तरिक र बाह्िय समन्वय कार्यान्वयन नभएको ।<br>- क्षमता अभिवृद्धि सम्बन्धी काम नगरेको ।<br>- महिलालाई नेतृत्वमा पुर्‍याउने अनुकुल वातावरण नभएको ।<br>- दलित महिलाहरुको पहुँच नै छैन ।<br>- कुरिति, कुसस्कार संकीर्ण मूल्यमान्यता महिला विपरित रितिरिवाजहरुलाई हटाउन जटिल भएको ।<br>- दहेजप्रथा कायम रहेको ।<br>- दलित महिलाहरुले रितिरिवाज नमान्ने ।<br>- स्रोत साधनमा लक्षितवर्गका मानिसलाई अग्रसर हुन नदिने प्रवृत्ति ।<br>- शिक्षाको कमी भएकोले बाहिर जान नमान्नु।<br>- पितृसतात्मक सोच हावी रहेको । |

## ५.२ समस्या र चुनौती (लक्षित वर्ग):

माथी उल्लेखित बाहेक महिला तथा लक्षित वर्गको अवस्था र समस्या तथा चुनौतीहरु देहाय रहेको छ

**(क) महिला :**

१. दलित महिला आर्थिक समस्या, व्यक्तिगत असुरक्षा, बाल विवाह र यौन शोषण र अशिक्षा
२. मुस्लिम महिलाको बालविवाह, सेवाबाट बन्चित, परिवार नियोजन नगराउनु ।
३. गरिब महिलाको आर्थिक अभाव, रोजगारीको कमी ।
४. एकल महिलामा सामाजिक विभेद, धार्मिक तथा सामाजिक अवहेलना, महिला हिंसामा पर्नु (घरेलु) ।

**(ख) दलित :**

१. सामाजिक विभेद तथा छुवाछुत विद्यमान।
२ आर्थिक अवस्था कमजोर हुनु ।
३. शिक्षाको कमि रहनु ।
४. रोजगारीको समस्या वा पर्याप्त रोजगारीमा पहुँच कमि ।
५ स्वास्थ्यको समस्या वा गुणस्तरीय स्वास्थ्य सेवामा पहुँचको कमि ।

**(ग) गरिब :**

१. आवास र घरको समस्या
२. उचित खानेपानीको कमी
३ लत्ताकपडाको कमी
४. रोजगारी नहुनु ।
५. शिक्षा प्राप्ती खर्चिलो हुनु ।
६ स्वास्थ्य उपचार गुणस्तरीय नहुनु ।

**(घ) आदिवासी जनजाति र पिछडावर्ग :**

१ बालबालिकाहरु विद्यालय जानबाट बञ्चित रहेको

२. गुणात्मक र खर्चिलो शिक्षा प्राप्त गर्न नसक्नु ।

३. राज्यबाट दिइने चिकित्सा सेवा तथा सुविधा बारेमा जानकारीको कमि ।

४. दलित र ग्रामीण समुदाय धेरैजसोमा धामी झाक्रीमा विश्वास हुनु ।

५ सीप र अवसरको कमी

६. गरिबीले अभावमा पर्नु

७. अशिक्षित हुनु ।

८. वडा र पालिकाको ध्यान नपुग्नु ।

९ सामाजिक रुपले पिछडिएको ।

१०. मूलधारमा समाहित नभएको ।

११. आफ्नो सामाजिक कार्य र कर्तव्यको जानकारी नभएको ।

**(ङ) अपाङ्गता भएका व्यक्ति :**

१. खान, लाउन, सेवा सत्कार, नित्य क्रियाकलाप गर्न कठिन

२. स्वास्थ्य शिक्षामा पहुँच नभएको ।

३.जीविकोपार्जन गर्न आर्थिक अभाव ।

४. अपाङ्गता परिचयपत्रमा समस्या ।

५. परिवारिक र सामाजिक भेदभाव ।

**(च) ज्येष्ठ नागरिक :**

१. सेवा सत्कारमा अभाव ।

२. सामाजिक सुरक्षा भत्तामा विकृति । (पारिवारिक रुपमा उपेक्षित हुनु, भत्तामा पारिवारिस सदस्यहरुको मोह)

३. मान सम्मान राम्रो संग नगर्ने ।

४. स्वास्थ्य सेव ागर्न वास्ता नगर्ने ।

**(छ) धार्मिक अल्पसंख्यक र लैङ्गिक अल्पसंख्यक :**

१. बुद्ध, शिख र जैन धर्ममान्नेको संख्या कम

२. मुस्लिमको अल्पसंख्यक भएर शिक्षा, राजनीति र समाजिक स्तरमा पहुँच कम भएको ।

३. तेस्रो लिङ्गिको शिक्षाको नकारातमक प्रभाव

४. तेस्रो लिङ्गि वा लैङ्गिक अल्पसंख्यकको लागि कुनै पनि नीति नभएको ।

५. समाजमा तेस्रो लिङ्गिलाई हेर्ने वा हेलागर्ने गर्दछन् ।

**६.स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीतिको आवश्यकता :**

यस लक्ष्मीनिया गापामा निम्न कारणहरुले यो लैससास नीतिको आवश्यकता देखिएको छ

१. लक्षित वर्गलाई राज्यको मूलप्रवाहीकरणमा ल्याइ नागरिक अधिकारलाई दीगो बनाउन ।

२. स्थानीय सरकार संचालनका लागि आवश्यक पर्ने सबैखाले नीति, कानुन, संगठन, कार्यक्रम, योजना र कार्यक्रमहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गरि आन्तरिकीकरण गर्न ।

३. पछाडी परेका वर्ग, समुदायलाई स्थानीय तहको सबै संरचना र क्रियाकलापमा अर्थपूर्ण सहभागी गराएर सम्मानित र सुरक्षित जीवन यापन गर्न सक्ने बनाउन ।

४ स्थानीय तहको कार्यजिम्मेवारीका आधारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुमा नेतृत्व दिन, समन्वय, साझेदारी र सहजिकरण गर्न तथा पूर्ण उत्तरदायीका साथ क्षमता विकास गर्नका लागि आवश्यक नीति बनाउन ।

५ स्थानीय तहको सबैखाले कार्यसम्पादनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई सम्बोधन गर्न ।

समग्रमा यस गापामा, महिला लगायत लक्षित वर्गको अवस्था सन्तोषजनक पाइदैन । अधिकांसको सामाजिक, राजनैतीक र आर्थिक अवस्था कमजोर रहेको पाइन्छ । यो वर्गको उत्थानका लागि गापाको हालको प्रयास अझ शसक्त हुन आवश्यक देखिन्छ । यसका लागि पर्याप्त र प्रभावकारी र योजनाबद्ध प्रयास आवश्यक देखिन्छ ।

## ७. दीर्घकालिन सोंच, ध्येय, लक्ष्य र उद्देश्य

**७.१. दीर्घकालिन सोच** - लैङ्गिक समानतायुक्त समाज तथा समावेशी गाउँपालिका

**७.२.लक्ष्य :** लैङ्गिक समानता तथा समावेशी गापा एवं समतामूलक समाज निर्माण गर्ने ।

**७.३.उद्देश्यहरु :**

लक्ष्मीनियाँ गाउँपालिकाले लैससासको अवधारणा लागु गर्नका लागि निम्न उद्देश्यहरु तय गरेको छ :

१ लैङ्गिक समानता तथा सामाजिक समावेशिताको सवाललाई सम्बोधन हुनेगरी गाउँपालिकाका लागि आवश्यक नीति, कानुन, निर्देशिका र योजनाहरु बनाउने ।

२. महिला तथा लक्षित वर्गलाई लक्ष्मीनियाँ गाउँपालिकाको शासन प्रणालीको सबै क्षेत्रमा संस्थागत गर्ने ।

३. लक्षित वर्गलाई गाउँपालिकामा उपलब्ध साधन स्रोत र सुविधामा समानुपातिक समावेशीताको आधारमा अर्थपूर्ण सहभागिता गराउने ।

४. लक्षितवर्गको शसक्तिकरण गरी गाउँपालिकाबाट पाउने सेवा, सुविधा, अवसरहरु प्राप्त गर्न सक्षम बनाउने ।

५. गाउँपालिकाका सेवा प्रदायक निकायहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति कार्यान्वयनको विषयमा वकालत गर्नगरी दक्ष बनाउने ।

६ लैङ्गिक समानता र समाजिक समावेशीकरण नीति कार्यान्वयनमा सरोकारवालाहरुसंग साझेदारी, सहकार्य र समन्वयलाई संस्थागत गर्ने ।

७ लक्षितवर्गको वर्तमान अवस्थाको रेखाङ्कनगरी व्यक्तिगत र सामुहिक काममा सक्रियतापूर्वक अग्रसर भई गाउँपालिकाको सबैपक्षमा महत्वपूर्ण योगदान गर्न सक्ने दक्ष जनशक्ति बनाउन स्थानीय स्तरमा उपयोगी सीपसहितको नागरिक बनाउने ।

## ९. नीति, रणनीति र कार्यनीति तालिका :

लक्ष्मीनियाँ गाउँपालिकाले लैससासको लागि तय गरेको उद्देश्यहरु कार्यान्वयन गर्नका लागि निम्न अनुसारको नीति, रणनीति तथा कार्यनीति तय गरेकोछ:

| सि.नं. | नीति | रणनीति | कार्यनीति |
|---|---|---|---|
| १ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई लक्ष्मीनियाँ गाउँपालिकाको सबै तहमा संस्थागत गर्ने । | १ लैससासलाइ संस्थागत गर्न आवश्यक ऐन,कानुन,कार्यविधि, निर्देशिका बनाउने र भएकोलाई लैससास अवधारणा मैत्री बन्नेगरी परिमार्जन वा संशोधन गर्ने । | १.लैससास नीति अनुसारको कार्ययोजना बनाउने ।<br>२. लैससास नीति अवलम्बन नगरिएका गाउँपालिकाबाट पहिले नै पारित भइसकेका ऐन, नियम, नियमावली, निर्देशिका, कार्ययोजनाहरुलाई लैससास मैत्री हुने गरी परिमार्जन गरिनेछ ।<br>३. गाउँपालिकाको विषयगत, वडागत संरचनाहरुलाई लैससास मैत्री बनाउने गरी पुर्नगठित गरिनेछ ।<br>४. योजना निर्माण देखि योजना कार्यान्वनका लागि बनाइने उपभोक्ता समितिहरु गठन गर्दा लैससास अवधारणालाई आत्मसाथ गरे गठन प्रक्रियालाइ अगाडी बढाउने ।<br>५. गापा तथा स्थानीय कार्यक्रममा महिला तथा लक्षित वर्गबाट कर्मचारी छनौटको सुनिश्चितता गर्ने । |
| २ | गाउँपालिकाका, नीति निर्माण, ऐन कानून निर्माण, बजेट तथा कार्यक्रम तर्जुमा प्रकृया लैससासमैत्री बनाउन जोड दिने । | १. लक्षित समुदायका लागि पर्याप्त बजेट तथा कार्यक्रम विनियोजन र कार्यान्वयन गर्न नपा, विषयगतशाखा तथा वडा तहको क्षमता अभिवृद्धि गरी वित्तीय स्रोतमा पहुँच अभिवृद्धि गर्ने ।<br>२. लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई आन्तरिकीकरण गरी स्थानीय सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको प्रभावकारी कार्यान्वयन।<br>३. बजेट तथा योजना तर्जुमामा लक्षित वर्गको क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।<br>४. गापाको वार्षिक बजेटको १० प्रतिशत भन्दा बढी रकम लक्षित वर्गको समाजिक तथा आर्थिक सशक्तिकरणका लागि विनियोजन गर्ने । | १. लैङ्गिक उत्तरदायी बजेट, लैससास स्थानीयकरण रणनीति र लैङ्गिक समानता र समाजिक समावेशीकरण परीक्षण बारे कर्मचारी, पदाधिकारी, र सामाजिक संघसंस्थाका प्रतिनिधिहरुलाई जानकारी तथा अभिमुखिकरण गरिनेछ ।<br>२. गाउँपालिकाको बजेट विनियोजन गर्दा गरिबी नक्शाकन, विपन्न वर्गको नक्शांकन र आधारभूत सर्वेक्षणलाई आधार लिई लक्षित समुह पहिचान गरी निश्चित प्रतिशत लगानी गर्ने गरी रकम विनियोजन गर्ने प्रणाली अपनाइनेछ ।<br>३. योजना तथा बजेट तर्जुमा प्रकृयाबारे लक्षित समुदाय तथा सरोकारवालासंग अन्तरक्रिया तथा अभिमुखिकरण संचालन गर्ने ।<br>४. उपभोक्ता समितिमा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्ने । |

| सि.नं. | नीति | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | ५. नीति, योजना, तथा बजेट तर्जुमामा महिला तथा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्ने । |
| ३ | गाउँपालिकाले बनाउने विभिन्न खाले संस्थागत संरचनाहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीता मैत्री बनाउँदै लक्षित वर्गलाई स्थानीय तहमा मूलप्रवाहीकरण गर्ने । | १. लैससास सम्बन्धी आवश्यक संरचनाहरु बनाउन जोड दिने ।<br>२. गापामा निर्माणहुने नयाँ भवन तथा संरचनाहरु लैससासमैत्री बनाउने (महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका सहित) | १. गाउँपालिकाले बनाउने सबै संगठन, समितिहरुमा महिला, दलित र अन्य लक्षित वर्गलाई अनिवार्य एवं सक्रिय सहभागिता गराएर बनाउने ।<br>२. यस नीतिमा उल्लेख गरे अनुसार पालिका स्तरीय र वडा स्तरीय समितिहरु बनाउने ।<br>३. सबै लक्षित वर्गको हकहीतका लागि समुदायमा छुट्टाछुट्टै समितिहरु बनाएर उनीहरुको हकहीतका लागि आफै अग्रसर हुने गरी क्रियाकलाप गराउन लगाउने ।<br>४. महिलामैत्रि, अपाङग मैत्रि, ज्येष्ठ नागरिक मैत्रि संरचनाको निर्माण गर्ने । (गापा भवन, वडा भवन, विद्यालय, स्वास्थ्य संस्था आदि) |
| ४ | लक्षितवर्गको शसक्तिकरण गरी गाउँपालिकाबाट पाउने सेवा, सुविधा, अवसरहरु प्राप्त गर्न सक्षम बनाउने । | १.लक्षित वर्गलाई गाउँपालिकाबाट पाइने सेवा, सुविधा, अवसरहरु लिने प्रकियाहरुबारेमा जानकार बनाउने ।<br>२.लक्षितवर्गले आफना आवश्यकता र चाहनाहरु प्रक्रियागत ढंगले बस्तीस्तरमा योजना तर्जुमा समयदेखिनै सशक्तढंगले राख्न सक्ने बनाउने ।<br>३. लक्षितवर्गलाई आफ्नो जीवनको दुरदृष्टि,लक्ष्य तय गर्न सक्ने बनाएर तय गरेको दुरदृष्टिलाई पुरागर्न गाउँपालिकासंग आवश्यक सीप व्यक्तिगत र संगठित रुपमा माग्ने वातावरण बनाउने ।<br>४. योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायि बजेट विधि प्रयोग गर्ने । | १. लक्षित वर्गका किसानलाई प्रविधि मैत्री बनाएर खेतीको लागि आवश्यक सिंचाई, मलखाद्य, वीउको सहज उपलब्ध गराउने संयन्त्र बनाउने ।<br>२. गरिब, मजदुर, युवाहरुलाई योग्यता र आवश्यकता अनुसारको सीप दिने ।<br>३. गाउँपालिकाबाट वा माथिल्लो तहबाट पाउने सेवा सुविधा अवसर र सहुलियतहरु पालिकाका लक्षितवर्गले पाउने गरी वितरण संयन्त्र र सूचना प्रणाली बनाउने । |
| ५ | गाउँ पालिकाको सेवा प्रदायक निकायहरुलाई लैङ्गिक | १.सेवा प्रदायकहरुलाई लैससास प्रति सम्वेदनशील हुने अवस्था सृजना गर्ने । | १.गाउँपालिकाको विषयगत र क्षेत्रगत समितिहरुका पदाधिकारी, कर्मचारी र जनप्रतिनिधिहरुलाई लैससास अवधारणा मैत्री |

| सि.नं. | नीति | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | समानता र सामाजिक समावेशीकरण नीति कार्यान्वयनको विषय र विभिन्न खाले विभेदका विरुद्धमा वकालत गर्नेगरी दक्ष बनाउने । | २. स्थानीय तहमा शान्ति स्थापना गर्न तथा नागरिकलाई खुसी र सुखी राख्नका लागि लक्षितवर्गलाई मूलप्रवाहमा ल्याउनेगरी सेवा प्रभाव गर्नु आवश्यक छ भन्ने महसुशीकरण गराउने ।<br>३. छुवाछुत, लैङ्गिग विभेद, जातिगत, क्षेत्रगत विभेदलाई क मगर्नेगरी कार्यक्रमहरुको तर्जुमा गर्ने । | बनाउने ।<br>२.लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा लैससास लेखाजोखा विधीलाई पुर्णरुपमा कार्यान्वयनमा ल्याइने छ ।<br>३. स्थानीय तहमा रहेका जनप्रतिनिधि, नागरिक समाजको प्रतिनिधित्व र कर्मचारीहरुको नियुक्ति, मनोनयन र अन्य छनौट प्रणालीमा लक्षित वर्गको छनौट हुनेगरी पदपुर्तिको व्यवस्था मिलाइने छ ।<br>४. लक्षित कार्यक्रमहरु सचालन गर्न आवश्यकता अनुसारको सीप तथा स्रोत साधनहरु उपलब्ध गराउने । |
| ६ | लैङ्गिक समानता र समाजिक समावेशीकरण नीति कार्यान्वयनमा सरोकारवालाहरुसग साझेदारी, सहकार्य र समन्वयलाई संस्थागत गर्ने । | १. लैससास नीति कार्यान्वयन गर्न आन्तरिक र बाहिय रुपमा समन्वय, सहकार्य र सहजीकरण गर्ने ।<br>२. लैससास नीतिको लागि वकालत गर्ने संघसंस्थाहरुको पहिचान गरी सहकार्यगर्नका लागि आह्वान गर्ने । | १ लक्षित वर्गका रुपमा रहेका अपाङ्गता भएका, अनाथ, अभिभावक विहिन, सुकुम्वासी, गरिब, ज्येष्ठ नागरिक, दलित, महिला, जनजाति, तेस्रो लिङ्गि समुदायको को संरक्षण र शसक्तिकरणका लागि विकास साझेदार सरकारी तथा गैरसरकारी संस्थाहरुसग समन्वय गरिने ।<br>२. विकास साझेदारी संस्थाहरुलाई लैससास अवधारणा अनुसार लक्षित वर्गलाई विकासको मूलप्रवाहमा ल्याउन तथा दीगो विकासका लागि उनीहरुको सहभागितालाई सुनिश्चितता गर्न आवश्यक योजनाहरु तर्जुमागर्न अभिप्रेरित गरिनेछ ।<br>३. लक्षित वर्गको हकहीतका लागि काम गर्न इच्छुक, नीजि वा सामाजिक संघसगठनहरुलाई पालिका क्षेत्रका कार्यक्रमहरु गर्न आह्वान गरिनेछ । र आवश्यक परेका खण्डमा गाउँपालिकाले साझेदारी रुपमा लक्षित समुहको हितमा पालिका भित्र वा बाहिरका संघसंस्थासंग काम गर्ने । |
| ७ | लक्षितवर्गलाई प्रतिस्पर्धा गर्न योग्यता पुग्नेगरी विभिन्न सीपमा दक्ष बनाउँदै इच्छाएको पेशा अपनाउन सक्ने बनाउने | १. लक्षित समुदायले उनीहरुको चाहना अनुसारको सीपहरु उपलब्ध गराई व्यक्तिगत र सामुहिक शसक्तिकरण गर्दै आर्थिक र सामाजिक प्रगति गर्नेगरी अगाडी बढ्ने ।<br>२. स्थानीय, प्रादेशिक र संघीय स्तरको स्रोत साधन, | १.महिला, दलित, किसान, गरिब, मजदुर लगायत लक्षित वर्गमा पर्नेहरुलाई उनीहरुको चाहना अनुसार एक घर एक सीपका आधारमा सबैलाई दक्ष बनाउने ।<br>२.वैदेशिक रोजगारमा जानेहरुको लागि क्षमता विकास तथा शिप |

| सि.नं. | नीति | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | । | अवसरका आधारमा रोजगार योग्य दक्ष जनशक्ति तयार हुन आवश्यक सीपहरु प्राप्त गर्न पर्याप्त समयावधिको तालिमहरु मात्र सञ्चालन गर्नेगरी योजना तर्जुमा गर्ने प्रणालीको विकास गर्ने । | विकास गर्ने । शिपको उपयोगको अवसर सिर्जना गर्ने ।<br>३ गाउँपालिकालाई आवश्यक स्वास्थ्य, शिक्षा, कृषि र प्रशासनिक क्षेत्रमा उपयोग हुने जनशक्ति तयार गर्न प्राविधिक शिक्षा, गुणस्तरीय शिक्षा र लोकसेवा कक्षाहरु सञ्चालन गरेर लक्षित वर्गका युवाहरुलाई रोजगारका विभिन्न विकल्पहरुमा अवसर सृजना गरिदिने ।<br>४ सीपको सदुपयोग गर्न अनुदान, कर्जा वा सामग्री अनुदानको व्यवस्था गरी सबै सीप सिकेकालाई काममा लगाउने तथा उनीहरुले उत्पादन गरेका सामग्रीहरुको बजारिकरणको व्यवस्था मिलाउने । |
| ८ | लक्षित वर्गको वर्तमान अवस्थाको रेखाङ्कनगरी व्यक्तिगत र सामुहिक काममा सक्रियतापूर्वक अग्रसर भई गाउपालिकाको सर्वैपक्षमा महत्वपूर्ण योगदान गर्न सक्ने दक्ष जनशक्ति बनाउन स्थानीय स्तरमा उपयोगी सीपसहितको नागरिक बनाउने । | १ व्यक्तिमा सामुहिकता र सामाजिक विकासको भावना जागृत गर्ने गरी जनचेतना जगाउने तौर तरिका अपनाउने ।<br>२ गाउँपालिका क्षेत्रमा विभिन्न पेशा गरिरहेका लक्षित वर्गहरुको पेशाको गुणस्तर वृद्धिका लागि थप सीप दिने व्यवस्था मिलाउने ।<br>३ स्थानीय स्रोत सामग्रीहरुको सदुपयोग हुन सक्ने सीप विकासमा जोड दिने । | १ लक्ष्मीनियां गाउँपालिकाको लक्षित वर्गको पहिचान गर्न तथ्याङ्क संकलन गर्ने ।<br>२ अल्पसंख्यकहरुको लोपोन्मुख भाषाको संरक्षा, कला संस्कृति, रितिरिवाजको संरक्षणका लागि कार्यक्रमहरु सञ्चालन गर्ने । तथा सामाजिक कुरितीहरुलाई दुरुत्साहन गर्ने ।<br>३ दलित र पिछडित पुरोहितहरुलाई संलग्न गराई जातिय छुवाछुत विरुद्ध जनचेतना जागाउने ।<br>४ लक्षित वर्गको पहिचानका आधारमा उनीहरुको वर्तमान अवस्थाबाट शसक्तिकरण गर्न समुदायको चाहना अनुसारका उद्यमशील हुने र विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति बन्न सक्ने गरी सीपमूलक तालिमहरुको व्यवस्था गर्ने ।<br>५ लोपोन्मुख भाषा, लक्षित समुदाय केन्द्रित सबलताहरुको खोजी अनुसन्धान गरी राम्रा उदाहरणहरुलाई अनुशरण योग्य बनाउने कार्य गर्ने । |

## ९. सम्भाव्य जोखिम र निराकरण

माथि उल्लिखित रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयनमा आउन सक्ने सम्भाव्य जोखिमको निराकरणका लागि देहाय बमोजिमका गरिनेछ.

| क्रस | सम्भावित जोखिम | जोखिम न्यूनीकरण | जिम्मेवारी |
|---|---|---|---|
| १ | गापाको कार्यपालिका तथा सभा सदस्यहरुको प्राथमिकतामा लैससास नपर्नु | कानून तथा कार्यविधिहरु तयार गरी लागु गर्ने । | समाजिक विकास शाखा, विधायन समिति |
| २ | लाभ तथा अवसरमा लक्षित वर्ग तथा समुदायको पहुँच नहुनु | लक्षित वर्ग केन्द्रीत कार्यक्रम संञ्चालन र अवस्था पहिचान गर्ने । | योजना शाखा, सामाजिक विकास शाखा |
| ३ | तथ्यांकमा आधारित योजना तर्जुमाको कमि | तथ्यांक संकलन तथा अध्यावधिक गर्ने, तथ्यांकमा आधारित योजना तर्जुमा गर्ने । | योजना शाखा, वार्षिक योजना तथा बजेट तर्जुमा समिति |
| ४ | समुदाय तथा निर्णायक तह लैससास प्रति सकारात्मक नहुनु | लैससासको कानूनी, व्यवहारिक र दिर्घकालिन महत्वबारे छलफल गर्ने । | लैससास फोकल इकाइ |
| ५ | लक्षित वर्ग तथा समुदायको आत्मबल कमि | क्षमता विकास तथा सशक्तिकरण सम्बन्धी कार्यक्रम संचालन गर्ने । | समाजिक विकास शाखा, योजना शाखा |

## १०. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीतिको कार्यान्वयन

### १०.१. गाउँपालिका स्तरीय संरचना/समिति

लक्ष्मीनियाँ गाउँपालिका लैससास स्थानीयकरण रणनीति कार्यान्वयन तथा अनुगमन समिति

१.गाउँपालिकाको अध्यक्ष - संयोजक

२. गाउँ पालिकाको उपाध्यक्ष सदस्य - सदस्य

३. सम्बन्धित गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४.कार्यपालिकाको सदस्यहरुमध्येबाट एक जना महिला सहित दुई जना - सदस्य

५.गाउं कार्यपालिकाद्वारा मनोनित लक्षितवर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थामध्येबाट २ (एक महिला एक पुरुष) : सदस्य

६. विषयगत शाखा प्रमुख : सदस्य सचिव

### १०.२. गाउँ स्तरीय समितिको काम, कर्तव्य र अधिकार :

यस समितिको काम, कर्तव्य र अधिकार निम्न अनुसारको हुनेछ ।

१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको कार्यलाई गाउँपालिका क्षेत्रमा सशक्तढंगले कार्यान्वयन गराउन अग्रसर रहने ।

२. लैससासको कार्यलाई प्रभावकारी बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

३. लैससासको नीति कार्यान्वयन गराउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

४. नीति कार्यान्वयको अनुगमन र मूल्यांकन गर्ने ।

५. लक्षितवर्गका रुपमा रहेका सबै समुदायको गाउँपालिका स्तरीय तथ्याङ्क संकलन गरी बेशलाइन सर्वे गरेर उनीहरुसंग रहेको सम्भाव्यता, सबल पक्षहरुलाई विस्तार गर्नेगरी कार्यनीति र योजनाहरु बनाउन अग्रसर हुने ।

६. गाउँपालिकाले बिनियोजन गरेको आवधिक, वार्षिक योजना तर्जुमा, कार्यान्वयन गर्ने तथा बजेट बाँडफाँड खर्चको लेखाजोखा, अनुगमन र मूल्याङ्कन प्रणालीहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीताको आधारमा भए नभएको विश्लेषण गर्दै गाउँपालिकालाई त्यसप्रीत उत्तरदायी बनाइराख्न सक्रिय हुने ।

७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा अवलम्बन गराउन प्रयासरत आन्तरिक र बाहिय निकायहरुसंग सम्पर्क, समन्वय र सहकार्य गरिराख्ने ।

## १०.३ गाउँपालिकाको लैससास कार्यान्वयन तथा अनुगमन समितिको बैठक र निर्णय :

(क) समितिको बैठक आवश्यकता हेरी वर्षमा (बढीमा) ६ पटक बस्न सक्नेछ ।

(ख) संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ग) समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिको सदस्य- सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(घ) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(ङ) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट ज्येष्ठ सदस्यले गर्नेछ ।

(च) समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै विज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(छ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## १०.४ वडास्तरीय लैससास समिति :

वडामा रणनीतिसंग सम्बन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न, एक निम्न अनुसारको पाँच जनाको वडा स्तरीय समिति गठन गरिनेछ ।

१. सम्बन्धित वडाको वडा अध्यक्ष : संयोजक

२. सम्बन्धित वडाका वडा महिला सदस्यहरु : सदस्य

३. सम्बन्धित वडा समितिले लक्षितवर्गको क्षेत्रमाकार्य गर्ने व्यक्ति वा संस्थाबाट मनोनित गरेका बढीमा २ (एक जनामहिला) जना सदस्यहरु : सदस्य

४. सम्बन्धित वडाको वडा सचिव : सदस्य सचिव

## १०.५ वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार :

१. वडा भित्रको लक्षित समुदाय भित्र पर्नेहरुको खण्डीकृत तथ्याङ्क संकलन गर्ने ।

२. वडास्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणाको प्रचार प्रसार गर्ने ।

३. बस्ती स्तरको आवश्यकता पहिचान गरी योजना बनाउँदा स्थानीय महिला, दलित, बालबालिका, युवा, जेष्ठ नागरिक, किसान, मजदुर, गरिब, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसङ्ख्यक, पिछडावर्गको समुदायलाई अनिवार्य सहभागी गराउने ।

४. वडा भित्र आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पछाडिपारिएको समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणकाको लागि कार्यक्रम बनाई गाउँपालिकामा पेश गर्ने ।

५. लैङ्गिक समानता तथा सामाजिक समावेशीता नीति अनुसार गाउँपालिकाको सबै पक्षमा लक्षितबर्गको अर्थपूर्ण सहभागिता हुनेगरी नियमित सूचना प्रवाह गर्ने ।

६. पारित योजना कार्यन्वयनमा सहयोग गर्ने तथा लक्षित समुदायको क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाई प्रतिस्पर्धामा अब्बल हुने सीप सिकाउनका लागि लैससास मैत्री हुनेगरी कार्यक्रमको तर्जुम ागर्न गाउँपालिकाको आन्तरिक र बाहिय सहयोगी निकायहरुलाई अभिप्रेरित गरिराख्ने ।

७. प्रत्येक चौमासिकमा एक पटक बैठक बस्ने । तर आवश्यकता परेको बेला जुनसुकै समयमा बैठक बस्न सक्ने ।

## ११. अनुगमन तथा मूल्याङ्कन व्यवस्था

लक्ष्मीनियाँ गाउँपालिकाले प्रदान गर्ने सेवा, सुविधा, कार्यक्रम र त्यसलाई कार्यान्वयन गर्न बनाइएका संरचनाले गर्ने बार्षिक गतिविधिहरुलाई लैससासको दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्नको लागि प्रत्येक बर्षको पहिलो चौमासिकमा लैससास परीक्षण विधि अपनाई गाउँपालिकाका योजना कार्यक्रम एव बजेटलाई लैङ्गिक उत्तरदायी बनाइने छ । साथै गाउँपालिकाले लैससास नीतिको कार्यान्वयन स्थितिबारे बार्षिक रुपमा अनुगमन, समीक्षा तथा मूल्याङ्कन गर्ने परिपाटि बसाल्ने छ । यसका लागि गाउँपालिकाको लैससास समितिले अन्य शाखा, उपशाखा र गाउँपालिकाका बिभिन्न समितिहरु र वडा स्तरीय लैससास समितिसंग समन्वय गरी काम गर्नेछ । अनुमगन तथा मूल्याङ्न गर्दा देहायका अनुसार गरिनेछ ।

- लैससास क्षेत्रको प्रगति र चुनौतिहरुको समीक्षा चौमासिक रुपमा गरिने छ ।
- वडा स्तरबाट आएका योजना, स्रोत र कार्यक्रम महिला, दलित तथा पछाडिपरेका समूहसम्म प्रभावकारी तरिकाले पुग्न सक्यो कि सकेन भन्ने बारेमा अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- महिला, दलित तथा अन्य पिछडिएका समुदायहरुको आर्थिक तथा सामाजिक बिकास गरि बिभेदको न्यूनिकरण गर्नको छुट्टयाइएको बजेट अनुसार आशातित नतिजा प्राप्त हुन सक्यो कि सकेन भन्ने बारेमा अनुगमन तथा मूल्याङ्न गर्ने ।
- बार्षिक रुपमा नीति कार्यन्वयनको अवस्था समिक्षा गरिने र नीति बनेको प्रत्येक ५ बर्षमा लैससासको अवस्थाको विश्लेषण गरिने छ ।
- लैससास नीति २०७९ प्रभावकारी रुपमा कार्यन्वयन भएको सुनिश्चित गर्ने ।

## १२. रणनीति पुनरावलोकन तथा सुधार

लक्ष्मीनियाँ गाउँपालिकाले तयार गरेका यो नीति कार्यान्वयन गरेर आएको परिवर्तिन तथा लक्षित बर्गको चाहना र स्तरमा आएको परिवर्तनलाई विश्लेषण गरेर यसको प्रभावकारिता उपयोगिताको पुर्नमूल्याङ्कन गर्दै आवश्यकता अनुसार ३ बर्षमा पुनरावलोकन गरिनेछ ।